# नेपाल बार एशोसिएशन

रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेल: ~~neba@nepalbar.org~~
neba@nepalbar.org.np
वेब: ~~www.nepalbar.org~~
www.nepalbar.org.np


प.सं.

मिति: २०७८ मङसिर ४ गते ।


**केन्द्रीय कार्यसमिति**
(२०७६-२०७९)

**अध्यक्ष**
चण्डेश्वर श्रेष्ठ

**उपाध्यक्ष**
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा बस्याल

**महासचिव**
लीलामणि पौडेल

**कोषाध्यक्ष**
रुद्र प्रसाद पोखेल

**सचिव**
मनोजकुमार चौधरी

**सदस्य**
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन बन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन सासंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी


श्री बार एकाईहरु सबै ।

विषय :- <u>निर्णयको जानकारी गराईएको बारे ।</u>

नेपाल बार एशोसिएशनले न्यायपालिकाको विकृति, विसंगति, विचौलिया भ्रष्ट्राचार नियन्त्रण गरि न्यायपालिकाको समग्र सुधार र सुद्दिकरणका लागि प्रधान न्यायाधीश चोलेन्द्र सम्शेर ज.ब.रा.को राजीनामा माग गरि गत कार्तिक १४ गतेदेखि निरन्तर कालोपट्टी बाँधी शान्तिपूर्ण विरोध सभा र आन्दोलन कार्यक्रम गरि आएको व्यहोरा अवगत नै छ । सर्वोच्च अदालतभित्र दङ्गा प्रहरी प्रवेश गराई हाम्रो आन्दोलनलाई दवाउन अत्यधिक बल प्रयोग गरि लाठी र बुटले हाम्रा धेरै साथीहरु घाइते हुनु भएको छ । अदालतभित्र अत्याधुनिक हतियार सहितका दङ्गा प्रहरी प्रवेश गराउने र कानून व्यवसायीहरु मथि बर्बर आक्रमण गर्ने कार्यको घोर निन्दा, भर्त्सना गर्दै घाइते साथीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

नेबाए केन्द्रीय कार्यसमितिको मिति २०७८।०८।०३ गतेको बैठकको निर्णयानुसार निम्न लिखित विरोध कार्यक्रम गरिने भएकोले सोही बमोजिम गर्नु गराउनु हुन सादर अनुरोधका साथ जानकारी गराईन्छ ।

(१) **<u>मिति २०७८।०८।०५ गते आईतबार :-</u>** अदालतभित्र दङ्गा प्रहरी प्रवेश गराउने, कानून व्यवसायीको शान्तिपूर्ण धर्ना, विरोध कार्यक्रमलाई दवाउन हतियार सहितको दङ्गा प्रहरीको ठूलो संख्यामा तैनाथ गरि कानून व्यवसायीहरुलाई दमन, हातपात, कुटपिट गरी घाइते बनाएको विरोधमा देशभरका सबै अदालतहरुमा बन्दि प्रत्यक्षीकरण बाहेकका मुद्दाहरुमा बहस पैरवी नगर्ने भनि निर्णय गरिएकोले सो बमोजिम गर्न, गराउनु हुन, बहस नगरिने व्यहोराको सम्बन्धित अदालतमा पत्राचार गर्न समेत सबै बार एकाईहरुलाई जानकारीका साथ अनुरोध गरिन्छ ।

(२) **<u>मिति २०७८।०८।०६ गते सोमबार :-</u>** देशभरिका अदालतहरुमा यस अघि १०:०० बजेदेखि १२:०० बजेसम्म कालोपट्टी सहित धर्ना, विरोध सभा गरि आएकोमा सोही कार्यक्रमलाई निरन्तरता दिने र केन्द्रमा संसदमा रहेका सबै राजनीतिक दलका संसदीय दलहरुमा ज्ञापनपत्र/ध्यानाकर्षण पत्र दर्ता गराउने ।

(३) **<u>मिति २०७८।०८।०७ गते मंगलबार :-</u>** हदम्याद गुज्रिने अवस्थाको अन्तिम म्यादको बाहेक कुनै पनि अदालत, न्यायाधीकरणहरुमा फिराद, प्रतिउत्तर, पुनरावेदन, रीट, लिखित जवाफ, बहस नोट केहि पनि दर्ता नगर्ने, नगराउने निर्णय गरिएकोले सोही बमोजिम गर्नु, गराउनु हुन सबै बार एकाईहरुमार्फत सम्पूर्ण कानून व्यवसायीज्यूहरुलाई जानकारीका साथ अनुरोध गरिन्छ ।

(४) **<u>मिति २०७८।०८।०८ गते बुधबार :-</u>** नेपाल राज्यका १८ वटा उच्च अदालत तथा उच्च अदालतका ईजलास रहेका स्थानमा तत् तत् क्षेत्राधिकार भित्रका कानून व्यवसायीहरुको व्यापक सहभागीतामा बृहत् विरोध सभा आयोजना गर्ने । उक्त कार्यक्रममा नेबाएबाट केन्द्रीय प्रतिनिधि पर्यवेक्षक समेत खटाउने । उक्त दिन उच्च अदालतका इजलास रहेका स्थानमा विरोध सभा हुने हुँदा सबै उच्च अदालत र उच्च अदालतका इजलासहरुमा बहस, पैरवी नगर्ने निर्णय भएकोले सोही बमोजिम गर्न, गराउन सबै बार एकाईहरुमार्फत सम्पूर्ण कानून व्यवसायीज्यूहरुलाई जानकारीका साथ अनुरोध गरिन्छ ।

(५) **<u>मिति २०७८।०८।०९ र १० गते विहिबार र शुक्रबार :-</u>** काठमाडौं उपत्यकाका सबै बार एकाईका सदस्य कानून व्यवसायीको व्यापक सहभागितामा सर्वोच्च अदालत केन्द्रित विरोध/आन्दोलन कार्यक्रमलाई निरन्तरता दिने । उपत्यका बार एकाई र काठमाडौंमा रहनु भएका सम्पूर्ण कानून व्यवसायीज्यूहरुलाई उक्त २ दिनको कार्यक्रममा सक्रिय सहभागिताका लागि अनुरोध गर्दै उपत्यका बार एकाईहरुलाई सक्रिय गराउने निर्णय भएकाले सोही बमोजिम गर्न, गराउन हुन जानकारीकासाथ अनुरोध गरिन्छ ।

(६) **मिति २०७८।०८।२४, २५ र २६ का दिन पोखरामा हुने भनिएको राष्ट्रिय सम्मेलन हाललाई स्थगित गरिएको व्यहोरा जानकारी गराईन्छ ।** अन्य विषयमा पछि जानकारी गराईनेछ ।

यहाँको निरन्तर सहयोग र सद्भावका लागि हार्दिक धन्यवाद ।

**अधिवक्ता लीलामणि पौडेल**
**महासचिव**